Dibya Jyoti

Annual Report 2080/081

प्रधान संरक्षक

श्री पुण्यप्रसाद पौडेल,

अध्यक्ष, क्याम्पस सञ्चालक समिति

संरक्षक

श्री सागरमणि पाण्डेय, क्याम्पस प्रमुख

सम्पादन समिति

भाषा सम्पादन– कृष्णबन्धु पौडेल

सम्पादन सहयोगी– अनिलचन्द्र अधिकारी

प्रकाशन समिति

श्री विष्णुबहादुर थापा

श्री मित्रलाल लामिछाने

श्री कमलप्रसाद पाण्डे

प्रकाशक

दिव्यज्योति बहुमुखी क्याम्पस

बर्दघाट -२, चिसापानी, नवलपरासी

फोन नं. : ०७८-५८००३१, ५८०२०९, ५८०५०९

मोबाईल नं. :९८५७०८०७५९

URL : www.djmc.edu.np,

Email:dibyajyoticampus2047@gmail.com

सम्पादकीय

नवलपरासी जिल्ला बर्दघाट नगरपालिका २, चिसापानीमा अवस्थित यस दिव्यज्योति बहुमुखी क्याम्पसको स्थापना वि.सं. २०४७ सालमा भएको हो । यस क्याम्पसको स्थापनामा यस क्षेत्रबाट स्थानीय तहदेखि केन्द्रसम्मका प्रतिनिधित्व गर्ने जनप्रतिनिधि स्थानीय समाजसेवी बुद्धिजीवी, शिक्षाप्रेमी सचेत नागरिकसमाज, सम्पूर्ण पेसाकर्मी तथा स्थानीय अभिभावकहरूको महत्वपूर्ण योगदान रहेको छ । सुरूमा त्रि.वि. अन्तर्गत आई.ए.का कक्षाबाट प्रारम्भ गरेको यस क्याम्पसमा हाल शिक्षाशास्त्र सङ्काय र व्यवस्थापन संकायतर्फ स्नातकोत्तर र मानविकी सङ्कायतर्फ स्नातकतहसम्म अध्यापन हुने गर्दछ । त्यसैगरी सेमेष्टर प्रणालीअर्न्तगत BBA कक्षा पनि सञ्चालन भईरहेको छ । यस क्याम्पसले हाल बर्दघाट सुस्ता पश्चिम नवलपरासी जिल्लामै उच्च शैक्षिक जनशक्ति तयार गरी श्रम तथा रोजगारीका क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याइरहेको छ ।

यस प्रतिवेदनमा शैक्षिक सत्र २०८०/०८१ मा भएका शैक्षिक आर्थिक तथा भौतिक गतिविधिहरूलाई प्रस्तुत गर्ने प्रयास गरिएको छ । यो प्रतिवेदन क्याम्पसद्धारा प्रकाशित आठौँ वार्षिक प्रतिवेदन हो । यो प्रतिवेदनले क्याम्पसको वर्तमान शैक्षिक तथा भौतिक अवस्थाबारे यथाशक्य जानकारी गराउने विश्वाससहित यहाँहरूको रचनात्मक सुझावको अपेक्षाका साथ प्रकाशनका लागिअन्तिम रूप प्रदान गर्दछौँ ।

अन्त्यमा, यो प्रतिवेदन तयार गर्नमा सहयोग गर्नुहने सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दै उपलब्ध हुन आउने सुझावलाई आगामी अङ्कमा समावेश गरिने प्रतिबद्धता व्यक्त गर्दछौ ।

विषयसूची

क्र.सं शीर्षक पृष्ठ

१. **Vission, Mission, goals and Objective of the campus**

२. क्याम्पसमा सञ्चालित कार्यक्रमहरू तथा केही महत्वपूर्ण विवरणहरू

३. क्याम्पसको वार्षिक प्रतिवेदन

४. **Internal Quality Assurance Report**

५. शिक्षाशास्त्र सङ्काय वार्षिक प्रतिवेदन

६. स्नातकोत्तर तह वार्षिक प्रतिवेदन

७. व्यवस्थापन सङ्काय वार्षिक प्रतिवेदन

८. **EMIS** एकाइ वार्षिक प्रतिवेदन

९. **Faculty of Humanities and Social Sciences Annual Report 2080/2081**

१०. **Research Management Cell Annual Report 2080/081**

११. अतिरिक्त कियाकलाप विभाग **Internal Examination Committee (IEC)**

१२. प्राध्यापक सङ्घको वार्षिक प्रतिवेदन

१३. **Nabil School of Social Entrepreneurship**

१४. **Audit Report 2080/081**

Vision, Mission, Goals and Objectives of the Campus

Vision

Dibya Jyoti Multiple Campus will be nationally reputed best public campus for higher and technical education of the nation.

Mission

Dibya Jyoti Multiple Campus exists to foster quality education at affordable fee structure to fulfil the national requirement, to uplift the society and nation by producing quality graduates compatible to labour market and academic research.

Goal 1 : Institutional development and sustainability

Objective: To meet the academic goal of nation and the interest of students to offer the best academic programs of master's and bachelor's level.

Goal 2: Growth of satisfaction level in all stakeholders

Objective: To generate and expand opportunities for community based social participation

Goal 3: Equal access to education for all marginal and underprivileged groups of people.

Objective: To increase equal access to education for all marginal and underprivileged groups of people.

Goal 4: Quality education with the production of qualified graduates as per the need of the labour market

Objective: To provide quality education to assist the nation's academic goal as per the need of labour market nationally and internationally.

Goal 5 : Growth in the rate of placement of graduates in Nepalese labour market

Objective : To increase the rate of graduates in Nepalese labour market to meet the current need of the nation.

Goal 6: Improvement of gender equality ethnicity and social credibility

Objective: To expand students' understanding and their preferences in society intellectually and society through team work and cooperation.

क्याम्पसमा सञ्चालित कार्यक्रमहरू तथा केही महत्वपूर्ण विवरणहरू

क) सञ्चालित कार्यक्रम

सङ्काय / समूह	तह	ऐच्छिक विषयहरू
व्यवस्थापन	स्नातकोत्तरतह (MBS)	Account/Finance/Marketing
	स्नातकतह(BBS)	Account/Finance/Marketing
	स्नातकतह(BBA)	Account/Finance/Marketing/CSIT
शिक्षाशास्त्र	स्नातकोत्तरतह (MEd)	Nepali / EPM
	स्नातकतह (BEd)	English/ Health/ Nepali/ Maths
मानविकी	स्नातकतह (BA)	English/Sociology/Economics/ Nepali / Political Science /

ख) सम्बन्धन विवरण

1. Affiliation University: Tribhuvan University
2. Types of Institution: Affiliation
3. Types of Institutional Management: Community
4. Date of Establishment of the Institution:

Calendar	Day	Month	Year
BS	16	Mangsir	2047
AD	02	December	1990

5. Date of commencement of Bachelor and Master's Level Programme

S.N	Programme	Calender	Day	Month	Year
1	BBS	BS	19	03	2059
		AD	3	07	2002
2	BEd	BS	17	08	2064
		AD	02	12	2007
3	BA	BS	29	02	2055
		AD	12	06	1998
4	MBS	BS	10	11	2064
		AD	22	02	2008
5	MEd	BS	14	10	2067

		AD	28	01	2011
6	BBA	BS	21	10	2077
		AD	03	02	2021

ग)सञ्चालक समिति

२०७९ चैत्रमा सम्पन्न क्याम्पस सभाबाट निर्वाचित सञ्चालक समितिको नामावली

क.सं.	नाम	पद	फोन नं.	कैफियत
१	श्री पुण्यप्रसाद पौडेल	अध्यक्ष	९८५७०२६७४६	निर्वाचित
२	श्री दया दर्लामी	उपाध्यक्ष	९८४७२७३४०३	निर्वाचित
३	श्री वृहस्पति अधिकारी	सदस्य	९८५७०८००१०	निवर्तमान अध्यक्ष
४	श्री टीकाराम शर्मा	सदस्य	९८५७९२८६९५	संयोजक, सल्लाहकार समिति
५	श्री धनञ्जय पौडेल	सदस्य	९८४७३४२१२७	निर्वाचित
६	श्री पृतम पौडेल	सदस्य	९८४७५४३८१५	निर्वाचित
७	श्री सुवासचन्द्र जि.सि.	सदस्य	९८५७०८०७०५	निर्वाचित
८	श्री कृष्णप्रसाद पाण्डे	सदस्य	९८५७०२९३५९	निर्वाचित
९	श्री प्रदीप सुवेदी	सदस्य	९८५७०८०३३३	निर्वाचित
१०	श्री विष्णुप्रसाद बराल	सदस्य	९८४१४३३९९३	निर्वाचित
११	श्री छविलाल देवकोटा	सदस्य	९८५७०८०२०२	निर्वाचित
१२	श्री राधा ढकाल	महिला सदस्य	९८५७०८००८६	निर्वाचित
१३	श्री मधुमाया पौडेल	महिला सदस्य	९८४७०३३५६७	निर्वाचित
१४	श्री गणेशबहादुर क्षेत्री	सदस्य	९८५७०८१८७१	अध्यक्ष,बर्दघाट न.पा. वडा नं. ०२
१५	श्री पूर्णप्रसाद तिमिल्सिना	सदस्य	९८५७०८०५२७	प्राध्यापक प्रतिनिधि
१६	शिवबहादुर गुरूङ्ग	सदस्य	९८४७०५७४१०	अध्यक्ष, दिव्यज्योति मा.वि.
१७	लेखनाथ न्यौपाने	सदस्य	९८५७०२९७७८	प्रतिनिधि, बर्दघाट उद्योग वाणिज्य सङ्घ
१८	मिनराज शर्मा	सदस्य	९८५७०८०१७७	मनोनित सदस्य
१९	एकदेव पाण्डे	सदस्य	९८६७०३१३७०	मनोनित सदस्य
२०	गजेन्द्र गिरी	सदस्य	९८६४५५९४४४	मनोनित सदस्य

२१	टुकप्रसाद बस्याल	सदस्य	९८४७२१४७१४	मनोनित सदस्य
२२	हुमबहादुर सुनार	सदस्य	९८६७०२५८२५	प्रतिनिधि,चिसापानी सामुदायिक वन
२३	सागरमणी पाण्डेय	सदस्य सचिव	९८५७०८०७५९	क्याम्पस प्रमुख

ङ) विभाग तथा विभागीय प्रमुख

क. सं.	**विभाग**	**विभागीय प्रमुख/संयोजक**
१	आन्तरिक गुणस्तर सुनिश्चितता समिति (IQAC)	सागरमणि पाण्डेय
२	स्नातकोत्तर कार्यक्रम संयोजक	बद्रीनाथ खनाल
३	संयोजक-व्यवस्थापन सङ्काय	तारानाथ खरेल
४	संयोजक, शिक्षाशास्त्र सङ्काय	दीपकबहादुर खड्का
५	संयोजक, मानविकी सङ्काय	विष्णुबहादुर थापा
६	प्रयोगात्मक परीक्षा विभाग	दीपकबहादुर खड्का
७	आन्तरिक परीक्षा तथा अतिरिक्त क्रियाकलाप विभाग	अनिलचन्द्र अधिकारी
८	EMIS तथा विश्वविद्यालय अनुदान आयोग समन्वय विभाग	राजु पौडेल
९	अनुसन्धान व्यवस्थापन कोष (RMC)	बोमलाल पाण्डे
१०	संयोजक, रोजगार परामर्श तथा विद्यार्थी सहायता एकाई	मणि पाण्डे

च) प्राध्यापक तथा कर्मचारी दरबन्दी

क्र.स.	पद	स्थायी	अस्थायी	करार	आशिंक	जम्मा
१.	सहप्राध्यापक	२	–	–	–	२
२.	उपप्राध्यापक	३	–	१	–	४
३.	सहायक प्राध्यापक/शिक्षण सहायक	९	३	१२	२	२६
४.	सहायक प्रशासक	१	–	–	–	१
५.	ना.सु./लेखापाल	१	–	–	–	१
६.	कार्यालय सहायक	२	–	–	–	२
७.	कार्यालय सहायक जु.	–	–	१	–	१
८.	कार्यालय सहयोगी	२	–	१	–	३
९.	सुरक्षा गार्ड	–	–	२	–	२
१०.	सवारी चालक	–	–	२	–	२

क्याम्पसमा कार्यरत प्राध्यापकहरूको विवरण–२०८०

क.स	पद	नाम, थर	लिङ्ग	सेवाको किसिम	अध्यापन विषय	शैक्षिक योग्यता
१	क्याम्पस प्रमुख	सागरमणि पाण्डे	पुरूष	स्थायी	अर्थशास्त्र	MA/BEd
२	सहायक क्याम्पस प्रमुख	दिपकबहादुर खड्का	पुरूष	स्थायी	स्वास्थ शिक्षा	Med
३	सह प्राध्यापक	विष्णु लम्साल	पुरूष	स्थायी	लेखा	M.COM
४	सह प्राध्यापक	बद्रीनाथ खनाल	पुरूष	स्थायी	व्यवस्थापन	MBS
५	उप प्राध्यापक	शेषकान्त पौडेल	पुरूष	करार	नेपाली	MA/Bed
६	उप प्राध्यापक	तारानाथ खरेल	पुरूष	स्थायी	व्यवस्थापन	MBA
७	उप प्राध्यापक	कृष्णबन्धु पौडेल	पुरूष	स्थायी	नेपाली	MA/Bed
८	उप प्राध्यापक	पूर्णप्रसाद तिमिल्सीना	पुरूष	स्थायी	जनसङख्या	MA/Bed
९	सहायक प्राध्यापक	रामचन्द्र पौडेल	पुरूष	करार	अंग्रेजी	Med
१०	सहायक प्राध्यापक	कृष्णप्रसाद अधिकारी	पुरूष	करार	अंग्रेजी	Med
११	सहायक प्राध्यापक	शेषकान्त पौड्याल	पुरूष	करार	स्वास्थ्य शिक्षा	Med
१२	सहायक प्राध्यापक	शितल अधिकारी	महिला	स्थायी	पाठ्यक्रम	Med
१३	सहायक प्राध्यापक	रमेश लम्साल	पुरूष	करार	अंग्रेजी	MA/Med
१४	सहायक प्राध्यापक	विष्णुबहादुर थापा	पुरूष	स्थायी	अंग्रेजी	MA/Bed
१५	सहायक प्राध्यापक	अनिल चन्द्र अधिकारी	पुरूष	अस्थायी	अंग्रेजी	Med
१६	सहायक प्राध्यापक	टंक प्रसाद सुवेदी	पुरूष	करार	वाणिज्य शास्त्र	MBS
१७	सहायक प्राध्यापक	कमल प्र. पाण्डे	पुरूष	स्थायी	नेपाली	MA/Bed
१८	सहायक प्राध्यापक	मित्रलाल लामिछाने	पुरूष	स्थायी	समाजशास्त्र	MA
१९	सहायक प्राध्यापक	गोपाल सिंह आले	पुरूष	स्थायी	अर्थशास्त्र	MA
२०	सहायक प्राध्यापक	बोमलाल पाण्डे	पुरूष	स्थायी	व्यवस्थापन	MBS
२१	सहायक प्राध्यापक	भिन्नु सिंह पञ्जियार	पुरूष	करार	व्यवस्थापन	MBA
२२	सहायक प्राध्यापक	राजु पौडेल	पुरूष	स्थायी	गणित	MA
२३	सहायक प्राध्यापक	गणेश प्र. शर्मा	पुरूष	अस्थायी	व्यवस्थापन	MBS
२४	सहायक प्राध्यापक	ढाकाराम तिमिल्सीना	पुरूष	करार	व्यवस्थापन	MBS
२५	सहायक प्राध्यापक	मणि पाण्डे	पुरूष	करार	व्यवस्थापन	MBS

२६	सहायक प्राध्यापक	रमेश कुमार शर्मा	पुरूष	करार	स्वास्थ शिक्षा	Med
२७	सहायक प्राध्यापक	पूर्णकला पाण्डे	महिला	करार	अंग्रजी	M.Ed.
२८	सहायक प्राध्यापक	रमा आले	महिला	करार	स्वास्थ शिक्षा	M.Ed.
२९	सहायक प्राध्यापक	तप्पन सुवेदी	पुरूष	करार	गणित	MBS
३०	सहायक प्राध्यापक	रोशन थापा क्षेत्री	पुरूष	करार	व्यवस्थापन	MBS

क्याम्पसमा कार्यरत कर्मचारीहरूको विवरण

क.स	पद	नाम, थर	लिङ्ग	सेवाको किसिम	शैक्षिक योग्यता	कार्यरत शाखा	सम्पर्क नं
१.	सहायक प्रशासक/शा.अ.	सरस्वती सापकोटा	महिला	स्थायी	स्नातकोत्तर	प्रशासन	९८४७०६९३५५
२	लेखापाल	चन्द्रप्रकाश ज्ञवाली	पुरूष	स्थायी	स्नातक	लेखा	९८४७४८२१४२
३	कार्यालय सहायक	रूपा थापा	महिला	स्थायी	दसपास	लाईब्रेरी	९८४७०२७३२८
४	कार्यालय सहायक	सुधा ज्ञवाली	महिला	स्थायी	स्नातकोत्तर	प्रशासन	९८४७४३५७४२
५	कार्यालय सहायक(मुखिया)	विष्णु ज्ञवाली	पुरूष	करार	प्रवेषिका उत्तीर्ण	प्रशासन	९८४७०२०३६५
६	कार्यालय सहयोगी (चतुर्थ)	कृष्णकुमार वस्नेत	पुरूष	स्थायी	साक्षर	प्रशासन	९८४७०५९३७५
७	कार्यालय सहयोगी	बिरमला पुन	महिला	स्थायी	साक्षर	प्रशासन	९८६६१४११५३
८	कार्यालय सहयोगी	राधिका अधिकारी	महिला	दैनिक ज्यालादारी	साक्षर	प्रशासन	९८४७४१६८९२
९	सवारी चालक	सुजन थापा मगर	पुरूष	करार	साक्षर		९८४७०१२००४
१०	सवारी चालक	टीका गौतम	पुरूष	करार	साक्षर		९८४७०२७६१९
११	सुरक्षा गार्ड	गणेश प्र. धरिकार	पुरूष	करार	साक्षर		९८११९४८६०४
१२	सुरक्षा गार्ड	राजबहादुर खाँण	पुरूष	करार	साक्षर		९८४७१५७८७१

क्याम्पसको समग्र वार्षिक प्रतिवेदन

सागरमणी पाण्डेय
(क्याम्पस प्रमुख)

१. पृष्ठभूमि

पूर्व पश्चिम राजमार्गको झण्डै मध्य भागमा अवस्थित नवलपरासी जिल्ला बर्दघाट-२, चिसापानीमा वि.स. २०४७ सालमा स्थापना भई सञ्चालन हुँदै आएको दिब्यज्योति बहुमुखी क्याम्पस त्रि.वि.को सम्बन्धन प्राप्त, जनस्तरमा सञ्चालित, गैर नाफामुखी सामुदायिक क्याम्पस हो । दिव्यज्योति बहुमुखी क्याम्पस उच्च शिक्षामा देशमै एक स्थापित शैक्षिक संस्थाको पहिचान बनाउन सफल क्याम्पस हो । यस क्याम्पसले विगत ३४ वर्षदेखि उच्च शिक्षामा पुऱ्याउँदै आइरहेको शैक्षिक सेवालाई गुणस्तरीय र विश्वसनीय बनाउने प्रयत्नमा जुटेको छ । यसका लागिक्याम्पसको आफ्नो आन्तरिक अवस्थामा सुधार गर्न तथा आर्थिक रूपमा सबल बनाउने अभियानमा निरन्तर लागिनै रहेको छ भने विश्वविद्यालय अनुदान आयोगबाट पहिलो चरणको QAA प्रक्रिया समाप्त भई दोस्रो चक्रमा प्रवेशका लागिSSR समेत बुझाई गुणस्तर सुनिश्चितता प्रत्यायन (QAA) प्रक्रिया समाप्त भई गुणस्तर सुनिश्चितता प्रत्यायन (QAA) प्रमाणपत्र प्राप्त गर्ने प्रक्रिया करिब अन्त्यतिर पुगेको छ ।

हाल यो क्याम्पस आफ्नो एक मात्र लक्ष्य मानित विश्वविद्यालय (स्वायत्त क्याम्पस) मा आफूलाई विकसित गर्ने गरी पूर्वाधारको विकास गर्न र शैक्षिक गुणस्तरमा सुधार ल्याउने कार्यक्रममा जुटिरहेको छ । राज्य तथा समुदायले सुम्पेको उच्च शिक्षाको जिम्मेवारी निष्ठापूर्वक बहन गर्दै करिब १५०० विद्यार्थीहरूलाई विभिन्न कार्यक्रम र तहमा प्रशिक्षित गर्दै आईरहेको छ । यस क्याम्पसले दलित, महिला, आदिवासी जनजाति न्यून आय भएका र जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्नुका साथै उनीहरूलाई न्यूनतम शुल्कमा स्नातक तहदेखि स्नातकोत्तर तहसम्मको अध्ययनको अवसर प्रदान गरेको छ ।

क्याम्पसले विश्वविद्यालय अनुदान आयोगबाट नियमित अनुदान तथा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका तर्फबाट विभिन्न परिमाणमा भौतिक तथा परिणाममुखी शैक्षिक सहयोग आंशिक रूपमा मात्रै पाइरहेको छ । विद्यार्थीहरूलाई आन्तरिक तथा वार्षिक नतिजाका आधारमा पुरस्कार तथा शुल्कमा सहुलियत दिने व्यवस्था पनि मिलाएको छ ।

समयक्रमसँगै क्याम्पसले कक्षाकोठालाई प्रविधिमैत्री तुल्याई प्राध्यापकहरूलाई शिक्षण-सिकाइ क्षमता अभिवृद्धिका लागिआवश्यक तालिमहरू सञ्चालन गरी विद्यार्थीहरूको गुणस्तर तथा नतिजा वृद्धिलाई थप मजबुत बनाउँदै लाने कुरामा क्याम्पस दत्तचित्त छ । क्याम्पसलाई प्राज्ञिक/शैक्षिक अनुसन्धान केन्द्रका रूपमा विकसित गर्न अनुसन्धानात्मक गतिविधि अगाडि बढाउन र अनुसन्धान केन्द्रित शिक्षण सिकाइ वातावरण सृजना गरी सिकाइ प्रक्रियालाई प्रयोगात्मक विधिबाट अगाडि बढाउनुपर्ने कुरा नै क्याम्पस प्रशासनका सामु विद्यमान प्रमुख चुनौतीहरू हुन् । विद्यमान चुनौतीको समाधानका लागिविश्वविद्यालय अनुदान आयोगको प्राविधिक तथा वित्तीय सहयोग

प्रार्थनीय रहेको छ । साथै स्थानीय सरकार, प्रादेशिक सरकार तथा सङ्घीय गरी तीनै तहका सरकारका तर्फबाट पनि निरन्तर साथ-सहयोगको उत्तिकै आवश्यकता रहेको छ ।

२. शैक्षिक तथा भौतिक उपलब्धिहरू

- . QAA पुनः प्राप्तिका लागिUGC मा SSR पठाइसकेको र UGC को प्राविधिक टोलीले SSR अध्ययन गरिहेको,
- श्रावण महिनामा प्रकाशित BBA 4th Sem को परीक्षामा यस क्याम्पसमा अध्ययनरत छात्रा पूजा पाण्डे३.८४ र अन्जना काफ्ले ३.८३ GPA ल्याई प्रथम र द्वितीय हुन सफल,
- २०८०/०४/१४ गते NABIL SEE सँगै सम्झौता गरी १ वर्षीय उद्यमशिलतासम्बन्धी तालिम सञ्चालन र सोको सबै खर्च NABIL SSE मार्फत अर्थात पहिलो Co-hort लाई रू ८,६७,००० विनियोजन भएको,
- २०८०/०४/२० गते सञ्चालक समितिका अध्यक्ष पुण्यप्रसाद पौडेल, पूर्व अध्यक्ष टिकाराम आचार्य, क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुखसहितको टोली र क्याम्पसका पूर्व प्राध्यापक माननीय सरिता भुसाल खनालसहित विश्वविद्यालय अनुदान आयोग मन्त्रालयहरू र त्रि.वि. कार्यालय र अर्थ सचिव श्री अर्जुन पोखरेलज्यूसँगै भेटघाट तथा पूर्व शिक्षामन्त्री श्री देवेन्द्र पौडेलसँगै क्याम्पसको अवस्थाका बारेमा जानकारी गराइएको,
- भौतिक निर्माण समितिको अगुवाईमा शिक्षा सङ्कायतर्फका भवनमा ५वटा कक्षा कोठा तथा प्रशासनिक भवन तर्फ २ वटा कक्षाकोठा र SAT का लागि१ वटा कोठा पेन्टिङ गर्ने काम सम्पन्न भएको,
- ०८० भाद्र महिनामा अतिथिगृह कक्षको व्यवस्थापन, प्रशासनिक भवनतर्फ दोस्रो तल्लामा शौचालय, पुस्तकालयमा टेवलहरूको पुनर्निर्माण र बैठक कक्षको टेवलको समेत पुनर्निर्माण सम्पन्न,
- सञ्चालक समितिका अध्यक्षज्यू एवं क्याम्पस प्रमुखको पहलमा कामना सेवा बैङ्कबाट २ वटा AC सौजन्यको रूपमा प्राप्त,
- बुटवल नारायणगढ सडक खण्डअर्न्तगत क्याम्पसको अगाडि रहेको पुलका बारेमा चाइनिज ठेकदारसँगै बैठक बसी उक्त पुललाई खोलाले परिवर्तन गरेको धारतर्फ सारि सिंचाई विभाग तथा राष्ट्रपति चुरे संरक्षणमा प्रस्तावना पेस गरी क्रमशः रू. २५ लाख र ३० लाख बजेट प्राप्त गरी खोलाको दुवैतर्फ तटबन्धन गर्ने कार्य सम्पन्न,
- प्राध्यापकहरूको अनुसन्धानका लागिदुईदिने क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिएको,
- नयाँ भर्ना (BBA, BBS, B.Ed र BA) का लागिविज्ञापन, घरदैलो तथा Home Vist र Feeder विद्यालयमा Phone सम्पर्क गरी विद्यार्थी भर्ना गर्ने काम जारी रहेको,
- प्रदेश सरकारमा कम्पाउन्ड वाल र अधुरो भवन निर्माणका लागिप्रस्तावना पेस गरिएकोमा यसै निर्माणका लागिप्रस्तावना पेस गरिएकोमा यसै आर्थिक वर्ष रू १० लाखबाट पूर्वतर्फका वाल र रू ५ लाखबाट खोला तर्फको वालको काम सम्पन्न,
- BBA तर्फको प्रथम सत्रमा २९ जना विद्यार्थीले CMAT दिएकामा २३ जना विद्यार्थी भर्ना भई अध्ययनरत,
- प्रसासनिक भवनतर्फ संभावित जोखिमलाई न्यूनीकरण गर्न पहिलो र दास्रो दुबै तलाका कौसीमा Steel Railing लगाउने काम सम्पन्न,
- चिसापानी खानेपानीको सहयोगमा जीर्ण अवस्थामा रहेको खानेपानी ट्याङकी रू ८०,००० खर्चगरी पुनःमर्मत गरी सुचारू गरिएको,

- NAbil SSE को सहयोगमा सञ्चालित उद्यमशीलताका लागितालिम कार्यक्रममा २५ जनाको सहभागितामा सहायक प्राध्यापक मणि पाण्डेको संयोजकत्वमा पहिलो Co-hort सम्पन्न भई दोस्रो चरणको कार्यक्रमका लागिआवश्यक तयारी पूरा भइसकेको,
- BBS चौथो वर्षको नतिजामा ९१ जना सहभागी विद्यार्थीमध्ये १ जना विशिष्ट श्रेणी र २४ जना प्रथम श्रेणीसहित कूल ६९ जना विद्यार्थी उत्तीर्ण ,
- BBA2nd सेमेष्टर तर्फका नतिजामा शतप्रतिशत नतिजा सहित नवीन्द्र गुप्ता ३.९६ र सुष्मा रेग्मी ३.९६ GPA ल्याई नेपाल द्वितीय हुन सफल,
- UGC मा Enterprenurship Support कार्यक्रममा Proposal पेस गरिएकोमा देशभरीका २८ वटा क्याम्पस छनौट हुँदा हाम्रो क्याम्पस ४ नं. मा छनौट भई रू १५ लाख रकम प्राप्त भएको र ५ वटा Business Plan पठाइएको र पठाइएका Business Plan छनोट भएमा प्रतिप्लान रू ४० लाख सम्मको Seed Money उपलब्ध हुने समेत जानकारी गराउँछु ,
- तराई मधेश समृद्धि कार्यक्रमबाट भौतिक निर्माणमा प्राप्त रू २५ लाख बाट Education तर्फको Building को अगाडि पर्खाल लगाई हालसम्म १० वटा पसललाई जग्गा भाडामा दिइसकिएको,
- **तिमिल्सिना समाज** काठमाण्डौबाट तीन वर्षभित्रमा प्रथम किस्ता भुक्तानी गर्ने सर्तमा प्राप्त बस सेवा क्याम्पसमा ल्याई सञ्चालनमा रहेको,
- प्राध्यापक कर्मचारी तथा विभिन्न कक्षाका विद्यार्थीहरू एवम् स्व.वि.यू को नेतृत्वका छुट्टाछुट्टै अवलोकन भ्रमण विभिन्न समय र क्षेत्रमा सम्पन्न,
- दुवै भवनतर्फ विद्यार्थी वडापत्र तयार गरी सार्वजनिक तवरले टाँस गरिएको,
- UGC मा Quality Enhacement का लागिप्रस्तावना पेस भई छनौट पनि भई आवश्यक Document पठाइएको र रकम प्राप्त हुन भने बाँकी नै रहेको,
- National Library को सहयोगमा क्याम्पसलाई पुस्तक उपलब्ध भएको,
- RMC को संशेधित कार्यविधि निर्माण गरी सञ्चालक समितिबाट अनुमोदन गराइएको,
- UGC मा Extended Performance Grants मा छनौट भई (सन २०२६) सम्म Document पठाउँदै जाने र अनुदान प्राप्त हुँदै जाने,
- बर्दघाट न.पा. द्धारा विनियोजित रू १० लाखबाट ४ लाखको Hotel Mangement Lab र ६ लाखको Internship कार्यक्रम सम्पन्न गरिएको,
- पछिल्लो पटक प्रकाशित BBS 3rd year को नतिजामा कूल १२१ जना सहभागी परीक्षार्थीमध्ये १० जना प्रथम श्रेणीसहित जम्मा ४८ जना उत्तीर्ण भएको जानकारी गराउँदछु ,
- BA2nd year मा ३३ जना विद्यार्थीमा ५ जना प्रथम श्रेणी तथा द्वितीय श्रेणीमा उत्तीर्ण भएका छन् ।
- B.Ed तर्फ तृतीय वर्ष ३९ जना विद्यार्थीमा जम्मा ३ जना विद्यार्थी उत्तीर्ण,
- UGC मा Digitalization सम्बन्धी कार्यक्रममा प्रस्तावना छनौट भई उक्त सहयोग UGC को Orientation कार्यक्रमपश्चात सञ्चालन हुने,
- UGC बाट ४९ जना विद्यार्थीहरूले ४ वर्षका लागिरू १५००० का दरले छात्रवृत्तिका लागिछनोट भएका,
- प्रदेश सरकारबाट यस वर्ष २ लाख ८५ हजार छात्रवृत्ति प्राप्त भई अर्न्तवार्ता समेत सकिएको ,
- UGC बाट प्रशासनिक भवन निर्माणका लागिरू १ करोड बजेट विनियोजित भई ४७.५% रकम क्याम्पसलाई उपलब्ध भईसकेको र Building को E-Bidding प्रक्रिया अगाडि बढाइएको,

- बर्दघाट नगरपालिकाद्धारा स्नातक तह अध्ययन गर्ने २२ जना विद्यार्थिहरुले ८००० र १५००० का दरले छात्रवृत्तिमा नौट भई प्राप्त गरेका,
- सङ्घीय सांसद माननीय सरिता भुसाल खनालज्यूको योजनामा छनोट भई पुस्तकालय तथा प्रशासनिक भवन निर्माणका लागि०८१/०८२ मा सम्पन्न गर्ने गरी रू १ करोड बजेट विनियोजन भएको,
- प्रदेश सरकारसँगै पटकपटक समन्वय गरी ०८१/०८२ का लागिरू २५ लाख सटर निर्माणका लागिविनियोजित भएको छ साथै वार्ड नं. २ को कार्यालयबाट शिक्षा सङ्काय तर्फ व्यवस्थापनका लागी२ लाख विनियोजन भएको,
- ०८१/०८२ मा सम्पन्न गर्ने गरी Education Building तर्फ कार्य गर्ने गरी रू २५ लाख तराई मधेश समृद्धि कार्यक्रमबाट विनियोजित भएको,
- तत्कालीन समयमा क्याम्पसले सञ्चालन गरेको महायज्ञमा बोलकबोल समयमा भएको श्री यमलाल पौडेल तथा श्री रामजी पौडेलज्यूहरूले प्रदान गरेको बेलहानीमा रहेको २ कट्ठा जग्गा सञ्चालक समितिका अध्यक्ष श्री पुण्यप्रसाद पौडेलको नाममा ल्याई सो जग्गा विक्री गरी क्याम्पसको पूर्वाधार निर्माणमा खर्च गरिने,
- कृषि ज्ञानकेन्द्र परासी र बर्दघाट नगरपालिकामा फलफूलका विरूवाका लागिप्रस्तावना हालिएको र २५० वटा विरूवा प्राप्त गरी क्याम्पसमा ल्याई लगाइसकिएको,
- Nabil SEE वाट क्याम्पसलाई २ वटा २/२ टनका AC with steblizer सहित सौजन्य भएको,
- बुटवल निवासी श्री यमलाल लोहनीज्यूबाट क्याम्पस प्रमुखको कक्षमा १वटा AC सौजन्य भएको,
- सरावल गा.पा को सहयोगमा र स्व.वि.यूको पहलमा Motor Cycle पार्किङ्ग निर्माण सम्पन्न ,
- UGC बाट२०८०/८१ का लागिक्याम्पसलाई नियमित अनुदानतर्फ रू २३ लाख १० हजार प्राप्त,
- यसै वर्ष अध्यक्षको कार्यकक्ष र क्याम्पस प्रमुखको कार्यकक्ष पुनर्निर्माण सम्पन्न गरिएको,
- आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन तथा नीति तथा कार्यक्रम र बजेट बनाउने र आ.ले.प र बाह्य लेखा परीक्षणको प्रक्रिया अन्तिम चरणमा पुगेको,
- सङ्काय प्रमुखहरूसँगको नियमित बैठक बसी क्याम्पसको शैक्षिक गुणस्तरका बारेमा छलफल भईरहेको,
- नियमित अतिरिक्त क्रियाकलाप सञ्चालन र सम्पन्न गरिएको
- सन २०२४ का लागिJournal Publication अन्तिम चरणमा पुगेको,
- अन्त्यमा प्राध्यापक तथा कर्मचारीहरूको अथक मिहनेत,सहयोग र सुझावले क्याम्पसको शैक्षिक तथा भौतिक पक्ष मजबुत हुँदै गइरहेको छ । आशा एवम् विश्वास छ भोलिका दिनमा अझै परिष्कृत भई क्याम्पसलाई यस क्षेत्रकै शैक्षिक हव बनाउने प्रक्रियामा हामी सबै लाग्ने छौं ।

२०८१/०८२ का लागिप्रस्तावित नीति तथा कार्यक्रमहरू

- विश्वविद्यालय अनुदान आयोग अर्न्तगतको उच्चशिक्षा सुधार परियोजना र यस क्याम्पसको भौतिक संरचना तथा शैक्षिक विकासका लागि ५ वर्षे रणनैतिक योजना तयारीको अन्तिम चरणमा पुगेको र सोही वमोजिमको भौतिक निर्माण कार्यहरू सम्पन्न गरिने,
- विश्वविद्यालय अनुदान आयोगवाट यस क्याम्पसलाई लगातार दोस्रो पटक QAA निरन्तरताका लागिआवश्यक पर्ने सम्पूर्ण प्रक्रिया पूरा गरी समयमै SSR काम सम्पन्न भएको र कार्यदलले दिइएको सुझाव अनुसार अगाडि बढेको,

- QAA प्राप्त क्याम्पसहरूलाई क्रमशः प्राज्ञिक स्वायत्तता प्रदान गर्ने विश्वविद्यालयको नीति अनुरूप Autonomous कार्यक्रमहरूका लागिपाठ्यक्रम तयार गरी अगाडि बढाइनेछ । न्युनतम १० जना विद्यार्थी रहेको ऐच्छिक विषय तथा २५ जना विद्यार्थी भर्ना भएमा मात्र सङ्काय सञ्चालन गरिनेछ । सङ्कटग्रस्त र बजारको मागमा नपरेका विषयहरू क्रमशः हटाउँदै लगिने,
- Faculty Development Programme लाई निरन्तरता दिनुका साथै विभिन्न शाखाहरूबाट प्राप्त कार्य योजना अनुसार विभिन्न विषयमा Seminar, Workshop सञ्चालन गर्नुका साथै अनुसन्धानमूलक कार्यमा जोड दिइनेछ । साथै निरन्तर प्रकाशित भइरहने Dibyajyoti Journal प्रकाशनलाई निरन्तरता दिइने । साथै Mini Research लाई अन्तिम रूप दिइने ।
- क्याम्पसले प्रदान गर्ने ३ प्रतिशतको गरिब, जेहेन्दार, पछिडिएका क्षेत्रका विद्यार्थीलाई उपलब्ध गराउने छात्रवृत्तिलाई निरन्तरता दिइनेछ र आन्तरिक परीक्षामा उत्तीर्ण गरेको हुनुपर्ने नीतिलाई कायमै राखिनेछ । साथै अन्य निकायहरू विश्वविद्यालय अनुदानआयोग, सामाजिक विकास मन्त्रालय तथा स्थानीय तहसँगै समन्वय गरी छात्रवृत्ति उपलब्ध गराइने,
- यस क्याम्पसको शैक्षिक तथा प्रशासनिक क्षमता अभिवृद्धिका लागिशिक्षक, विद्यार्थी, कर्मचारी र सञ्चालक समितिको अध्यन भ्रमणलाई निरन्तरता दिइने,
- कमजोर विद्यार्थीहरूका लागिपरीक्षाकेन्द्रित अतिरिक्त कक्षाहरू सञ्चालन गरिने,
- UGC बाट भवन निर्माणका लागिप्राप्त रू १ करोडबाट यसै वर्ष प्रशासनिक भवन निर्माण गरिने,
- तराई मधेश समृद्धि कार्यक्रमबाट प्राप्त रू २५ लाख र वडा नं. २ बाट प्राप्त हुने रू २ लाखबाट शिक्षाशास्त्र सङ्कायको भवन तथा फिल्डको उचित व्यवस्थापन गरिने,
- क्याम्पसको शिक्षाशास्त्र सङ्कायतर्फको जग्गा भाडामा गईसकेको र पूर्व तथा उत्तरतर्फका सम्पूर्ण जग्गाहरूमा थप व्यावसायिक सटर निर्माणका लागिलुम्बिनी प्रदेश सरकारबाट आर्थिक सहयोग जुटाई निर्माण कार्य अगाडि बढाइने,
- क्याम्पसका दुबै भवनको परिसरमा सौन्दर्यीकरण हुनेगरी वृक्षारोपण गर्नका लागिGarden (बगैंचा) व्यवस्थापन गरिने,
- क्याम्पसका पुराना भवन, फर्निचर तथा अन्य भौतिक संरचनाको उचित मर्मतसंभार कार्यलाई निरन्तरता दिइने,
- शैक्षिक सत्र २०८१/८२ मा पुस्तकालयलाई थप व्यवस्थित गर्न सङ्घीय सरकारबाट प्राप्त बजेटबाट व्यवस्थित Library निर्माण गरी ३००० पुस्तक थपिने लक्ष्य लिइएको छ । साथै सञ्चालनमा आएको e-access लाई व्यवस्थित E-Library स्थापना गरिने ,

- क्याम्पसको शैक्षिक गुणस्तर तथा प्रविधिमैत्री क्याम्पस निर्माणका लागिप्राध्यापक तथा कर्मचारीहरूलाई वाह्य स्रोत जुटाई किस्ताबन्दीमा एक–एक थान ल्यापटप उपलब्ध गराइने,
- कक्षा कोठामा भएका फर्निचरहरूको मर्मत तथा आवश्यकतानुसार थप खरिद गरी व्यवस्थित गरिने,
- कक्षाकोठालाई थप व्यवस्थित गरी पूर्णतः प्रविधिमैत्री बनाइने ,
- प्राध्यापक एवम् कर्मचारीको सेवा सुविधा प्राध्यापक, कर्मचारीको तहगत विभाजन, पदोन्नति प्रणालीको व्यवस्था, अवकास कोष क्षमता र योग्यता पुगेकालाई पदोन्नतिको व्यवस्था गरी कामप्रति अभिप्रेरित, प्रोत्साहित र समर्पित गराइन्छ । राम्रा काम गरेका संयोजक, प्राध्यापक तथा कर्मचारीहरूलाई प्रोत्साहित गर्न पुरस्कारको व्यवस्था गरिने,
- प्राध्यापक तथा कर्मचारीहरूको वृत्ति विकासलाई आवश्यकता र कार्यदक्षताका आधारमा अघि बढाइने साथै सोका लागिसेवा प्रवेश तथा सेवाको प्रकृतिलाई पनि उचित ख्याल गरिने,
- बाँकी/बक्यौता उपदान तथा सञ्चित विदाको रकम कोषको अवस्था हेरी भुक्तानी गरिने,
- आ.ले.प र बा.ले.प. बाट प्राप्त सुझाव अनुसार आय र व्ययलाई व्यवस्थित गर्दै लगिने,
- आर्थिक वर्ष २०८१/८२ मा कम्तिमा १० जना आजीवन संरक्षक र ३० जना आजीवन सदस्य सङ्ख्या थप गरिने ,
- क्याम्पसलाई आर्थिक रूपमा पनि सबल बनाउन विभिन्न निकायहरूसँग समन्वय गरी अगाडि बढ्ने ,
- Nabil SEE कार्यक्रमलाई थप व्यवस्थित गरी सञ्चालनमा निरन्तरता दिइने,
- UGC बाट छनोट भएको Degitalization Programme लाई तीव्रताका साथ लागु गरिने,
- समय समयमा विद्यार्थीहरूको स्वास्थ्य परीक्षण तथा आगामी दिनमा कम्तीमा वर्षमा १ पटक स्वास्थ्य शिविर सञ्चालन गरिने ,
- सामाजिक जिम्मेवारी बोध गर्ने : समुदायबाट माया र सद्भाव पाउन क्याम्पसले प्राध्यापकहरूको संयोजन र विद्यार्थीहरूको सहभागितामा सरसफाई अभियान, रक्तदान सामुदायिक स्वास्थ्यसम्बन्धी प्रशिक्षण, ट्राफिक सचेतना र सुरक्षा, नागरिक अधिकार लगायतका सामाजीक अभियानहरू र चेतना वढाउने कार्यहरू गरिने,
- तत्कालीन ग्रामीण आवास कम्पनी र हाल नेपाल आवास कम्पनीबिच ८ विघा १२ कट्ठा भएको जग्गामा २० प्रतिशत क्याम्पसले प्राप्त गर्ने सम्झौता भएअनुसार सोको कार्यान्वयनका लागिविशेष पहल गरिने ,
- क्याम्पसलाई प्राप्त तत्कालीन वुटाहा तालमा अवस्थित ५ विगाहा जग्गाको उचित संरक्षणका लागितारबार गरी सोको उचित व्यवस्थापन गरिने ,
- माननीय सांसद सरिता भुसाल खनालको विशेष पहलमा सहरी विकास मन्त्रालय मार्फत प्राप्त १ करोड रकमबाट सम्बन्धित कार्यालयसँग समन्वय गरी सुविधायुक्त पुस्ताकालय भवन निर्माणकार्य थालनी गरिने ,

- तराई मधेश समृद्धि योजनाबाट प्राप्त रकम र लुम्बिनी प्रदेशको सामाजीक मन्त्रालयबाट प्राप्त बजेट (रकम) बाट भवनमर्मत तथा पूर्वतर्फको चिसापानी मझौनी सडकमा व्यावसायिक सटर निर्माण प्रारम्भ गरिने ,
- BBA, ११–१२ को कक्षाहरूलाई प्रविधिमैत्री बनाई अझै प्रभावकारी रूपमा सञ्चालनका लागिआवश्यक व्यवस्थापन गर्ने ,
- क्याम्पसका दुवै तर्फका भवनलाई थप सुन्दरीकरण गर्ने गराउने,
- शिक्षाशास्त्र सञ्चालित भवनअगाडिको पोखरीलाई व्यवस्थित गरिने ,
- विद्युत मिटर (३ फेस) भए तापनि बिजुली नहुँदाको समयमा स्मार्ट बोर्डबाट कक्षा सञ्चालन गर्न कठिनाई भईरहेकोमा कम्तिमा ४० वाटको जेनेटर खरिद गरी विद्युत्तीकरणको राम्रो व्यवस्था गरिने ,
- क्याम्पसका लागिएकथान छुट्टै ट्रान्सफर जडान गर्न विद्युत प्राधिकरण तथा वितरण केन्द्र बर्दघाटसँग तुरुन्तै आवश्यक पहल अघि बढाइने ।

विद्यार्थी भर्ना विश्लेषण (Enrollment Trend Analysis)

क्याम्पसमा स्नातक तह र स्नातकोत्तर तहअन्तर्गत विभिन्न कार्यक्रमहरूमा विगत तीन वर्षमा भर्ना भएका विद्यार्थीहरूको सङ्ख्या विवरण निम्नानुसार रहेको छ –

Programms Academic year		BBS	BBA	BA	BEd	MBS	MEd
2078/2079	Male	207	1	26	36	60	
	Female	359	13	65	145	70	
	EDJ	159	4	24	136	8	
	Dalit	45	1	6	20	4	
	Total	770	19	121	337	142	
2079/2080	Male	232	10	32	31	32	
	Female	368	26	52	146	53	
	EDJ	151	5	18	91	8	
	Dalit	48	-	10	32	4	
	Total	790	41	113	300	91	
2080/2081	Male	255	24	16	28	35	
	Female	482	51	37	125	37	
	EDJ	182	15	14	49	17	5
	Dalit	46	5	10	11	-	2
	Total	965	96	77	213	89	7

विद्यार्थीको तहगत उत्तीर्णदर विश्लेषण प्रतिशतमा (Pass Rate Trend Analysis in Percentage)

क्याम्पसमा स्नातक तह र स्नातकोत्तर तह अन्तर्गत अध्ययनरत विद्यार्थीहरूको विभिन्न कार्यक्रमहरूमा विगत तीन वर्षको उत्तीर्ण दर (प्रतिशत) निम्नानुसार रहेको छ। वार्षिक प्रतिवेदन २०७८/०७९ , २०७९/२०८० र २०८०/०८१ मा कक्षागत उत्तीर्णदर विश्लेषण गरीएकोमा हाल तहगत उत्तीर्ण दर विश्लेषण गरिएको छ–

Programms Academic year		BBS	BBA	BA	BEd	MBS	MEd
2078/2079	Male	15.94	100	19.23	2.7	56.66	-
	Female	12.81	100	21.53	33.10	84.28	-
	EDJ	9.43	100	12.5	8.08	21.87	-
	Total	10.25	100	14.04	17.50	65.49	-
2079/2080	Male	3.49	100	19.35	20	46.9	
	Female	9.82	78.57	10.52	15.81	71.5	
	EDJ	33.3	100	21.4	30.43	35.71	
	Total	11.33	78.94	17.89	17.33	59.42	
2080/2081	Male	1.97	100	2.17	1.04	6.54	-
	Female	1.80	100	4.34	4.68	7.14	-
	EDJ	1.15	100	2.17	2.08	3.57	-
	Total	3.78	100	6.52	5.72	13.69	-

विद्यार्थी तह उत्तीर्ण दर विश्लेषण संख्यामा (Graduate Trend Analysis in Numbers)

क्याम्पसमा स्नातकतह र स्नातकोत्तरतह अन्तर्गत अध्ययनरत विद्यार्थीहरूको विभिन्न कार्यक्रमहरूमा विगत तीन वर्षको उत्तीर्ण दर (विद्यार्थी संख्यामा) निम्नानुसार रहेको छ –

Programms		BBS	BA	B.Ed	MBS
2078/2079	Male	11	3	2	18
	Female	15	5	7	11
	Edj	6	3	3	9
	Total	32	11	12	38
2079/2080	Male	6	3	2	9
	Female	7	2	2	12

	Edj	3	2	2	1
	Total	16	7	6	22
2080/2081	Male	12	1	2	11
	Female	7	1	4	6
	Edj	11	2	9	12
	Total	30	4	15	29

क्याम्पसमा सञ्चालित कार्यक्रमहरू (Programmes)

यस क्याम्पसमा स्नातकतह र स्नातकोत्तर तहसम्म विभिन्न सङ्काय तथा विषयका कार्यक्रमहरू सञ्चालन भईरहेका छन् । स्नातक तहतर्फ मानविकी, व्यवस्थापन र शिक्षाशास्त्र सङ्कायका कक्षाहरू र स्नातकोत्तर तहतर्फ व्यवस्थापन सङ्कायतर्फ एम.वि.एस र शिक्षाशास्त्र सङ्कायतर्फ एम. एड. (नेपाली र इ पि एम) का कक्षाहरू सञ्चालनमा छन् ।

सङ्काय / समूह	तह	ऐच्छिक विषयहरू
व्यवस्थापन	स्नातकोत्तर तह (MBS)	Account/Finance/Marketing
	स्नातक तह(BBS)	Account/Finance/Marketing
	स्नातक तह(BBA)	Account/Finance/Marketing/CSIT
शिक्षाशास्त्र	स्नातकोत्तर तह (MEd)	Nepali / EPM
	स्नातक तह (BEd)	English/ Health/ Nepali/ Maths
मानविकी	स्नातक तह (BA)	English/Sociology/Economics/Nepali /Political Science

शिक्षण विधि (Education Pedagogy)

शिक्षण विधिअन्तर्गत सामान्यतया परम्परागत व्याख्यात्मक (Lecture) शिक्षण विधिको प्रयोग गर्ने गरिए तापनि शिक्षण सिकाइ क्रियाकलापलाई अझ बढी प्रभावकारी र विद्यार्थी केन्द्रित (Student orientated) शिक्षण विधिअर्न्तगत समूह छलफल (Group Discussion), स्थलगत निरीक्षण र प्रस्तुतीकरण (Field visit and presentation) मामिला अध्ययन (Case Study) विधिको प्रयोग गर्नुका साथै शिक्षण सिकाइ क्रियाकलापमा इडिजिटल प्रविधि पनि (प्रोजेक्टर बोर्डको) प्रयोग गरिएको छ ।

३. भौतिक प्रगति

- **भौतिक संरचना विकास** (Infrastructural Development) :

वि.स २०४७ सालमा स्थापना भई हाल सम्म आउँदा क्याम्पसको भौतिक पक्षमा धेरै सुधार भएको छ । हाल कक्षाकोठा र प्रयोगशालासहितको आधुनिक भवन खेल मैदान र पार्किङको निर्माण भइसकेको छ । आ.व. २०८०/८१ सम्म आइपुग्दा विश्वविद्यालय अनुदान आयोग, सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको सहयोगमा क्याम्पसको भौतिक निर्माण तथा पर्खालको निर्माण भएको छ । साथै २०८०/०८१ मा विश्वविद्यालय अनुदान आयोगबाट रू १ करोड बजेट विनियोजित भई सुविधा सम्पन्न प्रशासनिक भवन निर्माणको चरणमा रहेको छ । साथै सङ्घीय सरकारबाट रू १ करोड बजेट सुविधा सम्पन्न पुस्तकालयका लागिविनियोजित भएको छ । सोको निर्माणका लागिआवश्यक प्रक्रिया अगाडि बढेको छ। साथै प्रदेश सरकारबाट प्राप्त रू २५ लाखबाट क्याम्पसको आर्थिक स्रोत बढाउनका लागिव्यावसायिक सटर बनाउने योजना समेत रहेको छ र तरई मधेश समृद्धि कार्यक्रमअन्तर्गत प्राप्त रू २५ लाखबाट शिक्षाशास्त्र सङ्कायतर्फको भवन मर्मत सम्भार कोठा थप र रङ्गरोगन गर्नका लागीसमेत प्रक्रिया अगाडि बडिसकेको छ । क्याम्पसको आन्तरिक स्रोतबाट २ वटा बसहरू सञ्चाालनमा ल्याइएको छ । साथै Nabil Bank को सहकार्यमा उद्यमशीलता सम्बन्धी कार्यक्रम सञ्चालनार्थ सुविधासम्पन्न इन्क्युवेसन सेन्टर पनि निर्माण गरिएको छ ।

४) वित्तीय प्रगति (Financial Progress)

❖ वित्तीय स्रोत विश्लेषण (Analysis of Financial Resources)

क्याम्पसको विगत तीन वर्षमा भएको आम्दानी यसप्रकार रहेको छ–

Fiscal Year	Self-generated Resources		Grants from other		Total
	Students Fee	Others	UGC	Others	
2078/2079	3,07,48,671	32,51,504.03	20,35,000	28,49,373	3,88,84,548.03
2079-2080	2,89,79,531	45,67,710.69	21,60,000	43,47,145	4,00,54,386.69
2080/2081	3,21,81,890	23,67,477.70	85,60,000	50,35,990	4,81,45,357.70

❖ खर्च विश्लेषण (Analysis of Expenditure)

क्याम्पसको विगत तीन वर्षको सञ्चालन तथा पुँजिगत खर्चको विवरण यसप्रकार रहेको छ–

Fiscal Year	Revenue Expenditure		Capital Expenditure				Total
	Salary	Others	Major Infrastructures Development	Minor Infrastructures Development	Equipment	Books	
2078-2079	2,37,26,760.06	1,37,22890.16	59,07,149	-	12,12,150	272945	4,48,41,894.22
2079/2080	3,38,38,583.20	15144956	38,88,827	-	183000	328093	4,33,83,462.20
2080/2081	3,35,68,375	1,76,90,330	18,72,817	-	44,24,817	3,90,579	5,79,46,918

५. लेखापरीक्षण अवलोकन (Audit Observation)

क्याम्पस सञ्चालक समितिबाट गठित आन्तरिक लेखा समितिले आ.व. ०८०/०८१ को आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरी प्रतिवेदन पेस भएपश्चात् रजिष्टर्ड लेखा परीक्षक **ज्ञवाली एण्ड एसोसियट्स**बाट अन्तिम लेखापरीक्षण कार्य सम्पन्न भयो । सो लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित लेखा सम्बन्धी महत्वपूर्ण नीति तथा टिप्पणीहरू यसप्रकार छन् –

क. लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना र स्पष्टीकरण उपलब्ध छन् ।

ख. संलग्न वासलात, आय–व्याय विवरण तथा तत्सम्बन्धी अनुसूचीहरू क्याम्पसले राखेको लेखासँग दुरुस्त रहेका छन् ।

ग. क्याम्पसले आफ्नो हिसाव–किताब र लेखा प्रचलित कानुन तथा प्रचलन अनुसार ठीकसँग राखेको देखिन्छ ।

घ. वासलातले क्याम्पसको २०८० आषाढ मसान्तसम्मको आर्थिक अवस्था चित्रण गर्दछ ।

ङ. क्याम्पसले स्थिर सम्पत्तिको मूल्यह्रास आयकर ऐन २०५८ ले तोकेबमोजिम घट्दो मूल्यमा ह्रास काटेको देखियो ।

च. हिसाव किताव दोहोरो लेखा प्रणालीमा आधारित छ ।

६.सामाजिक प्रगति (Social Progress)

❖ सामाजिक क्रियाकलापमा क्याम्पसको संलग्नता (Campus Involvement in Social Activities)

हरेक संस्थाले सामाजिक उत्तरदायित्व बहन गर्नुपर्दछ । क्याम्पस पनि यो समाजको अभिन्न अङ्ग भएकाले समाजका विभिन्न गतिविधिहरूमा क्याम्पसको पनि सहभागिता गराउनु आवश्यक छ । त्यसकारण यस क्षेत्रका विभिन्न सामाजिक गतिविधिहरूमा क्याम्पसका तर्फबाट सहभागिता भईरहेको छ । नगर सरसफाई, रक्तदान ,स्वास्थ्य शिविर जस्ता जनस्वास्थ्यसँग सम्बन्धित कार्यक्रमहरू कम्तीमा वर्षमा एउटा कार्यक्रम विगत वर्षदेखि नै क्याम्पसले सञ्चालन गर्दै आईरहेको छ । यस क्षेत्रको माग अनुसारका शैक्षिक कार्यक्रम तथा विषय थप गर्ने सन्दर्भमा समेत विभिन्न समयमा अभिभावकहरूको भेला गराइ समुदायको राय तथा सुझावहरू लिइने गरिँदै आएको छ ।

❖ क्याम्पसमा समुदायको योगदान (Society's Contribution for Campus)

कुनै पनि संस्थाले स्थानीय समुदायको योगदानविना अपेक्षाकृत सफलता प्राप्त गर्न सक्दैन । यस दिव्यज्योति बहुमुखी क्याम्पसले आफ्नो समयमा प्राप्त गरेको सफलताको श्रेय समुदायलाई नै जान्छ । क्याम्पस स्थापनाका समयमा क्याम्पस सभाको गठन गर्ने सन्दर्भमा क्याम्पसमा आर्थिक सङ्कलन गर्न सकोस भन्ने उद्देश्यले वितरण गरेको संस्थापक सदस्यतालाई समुदायले सहर्ष स्वीकार गरेको थियो । विभिन्न समयमा क्याम्पसले आयोजना गर्ने अभिभावक भेलाहरूमा अभिभावकहरूको उल्लेख्य उपस्थित भई क्याम्पसको प्रगतिका लागिविभिन्न सुझावहरू प्राप्त हुने गरेको छ । साथै स्थानीय तवरले शैक्षिक परामर्श केन्द्रका रूपमा समेत क्याम्पसले सेवा प्रदान गर्दै आएको छ

- **समुदायमा क्याम्पसले दिने योगदानसम्बन्धी योजना** (Plan for Campus's Contribution to Society)

क्याम्पसमा अध्ययनरत विद्यार्थी र कार्यरत प्राध्यापक, कर्मचारीहरूलाई समुदायका गतिविधिहरूमा आफ्नो सीप तथा क्षमताको प्रयोग गर्न प्रोत्साहन गर्ने नीति अवलम्बन गरेको छ । क्याम्पस सञ्चालक समितिले हालै पारित प्राध्यापक, कर्मचारी कार्यसम्पादन मूल्याङ्कन कार्यविधि–२०७३ मा कार्यरत प्राध्यापक, कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन गर्दा समुदायमा निजले पुऱ्याएको योगदानको समेत विश्लेषण गरिने प्रावधान राखेको छ । साथै समय समयमा सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रमको आयोजना गरी सरोकारवालाहरूको माग र आवश्यकताअनुसार क्याम्पसले समुदायमा आफ्नो भूमिका अझ वृद्धि गर्दै लैजाने योजना रहेको छ ।

❖ **क्याम्पसमा समुदायको संलग्नता वृद्धि गर्न गरिने योजना** (Plans for Increased Involvements of Society in the Campus)

क्याम्पसमा समुदायको संलग्नता वृद्धि गर्नका लागिअभिभावकहरूको भेला तथा क्याम्पस सभाको बैठकद्धारा अभिभावकहरूमध्येबाट अनुगमन तथा समन्वय, आन्तरिक लेखा, निर्माण, शैक्षिक योजना लगायतका उप–समितिहरू गठन गरिएको छ र ती उप–समितिको बैठक नियममा व्यवस्था भएबमोजिम बस्ने गरेको छ । यस किसिमका क्रियाकलापहरूलाई अझ बढी प्रभावकारी बनाउने योजना क्याम्पसमा रहेको छ । समुदायको क्याम्पससँगको निकटताको वृद्धिका लागिक्याम्पसले आफ्नो वेब साइट र फेसबुक पेज समेतबाट सुझाव तथा गुनासोहरू राख्न सकिने व्यवस्था गरेको छ । आगामी दिनहरूमा यस किसिमका अन्य प्रविधिहरूको प्रयोग गर्ने समेत क्याम्पसको योजना रहेको छ ।

७. अवसर तथा चुनौतीहरू (Opportunities and Challenges)

❖ **क्याम्पसका सबल पक्षहरू** (Strength)

- शान्त तथा मनोरम वातावरण,
- यस क्षेत्रमा बढ्दो बसाइँ सराइँ तथा बढ्दो विद्यार्थी सङ्ख्या,
- स्पष्ट निर्धारित सङ्गठनात्मक संरचना,
- छुट्टै शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीको व्यवस्था,
- प्रशासनिक कार्यका लागिप्राविधिक नेटवर्कको व्यवस्था,
- अल्पसङ्ख्यक र सीमान्तकृत समुदायको पहुँच,
- दक्ष अनुभवी तथा प्रतिबद्ध प्राध्यापक तथा कर्मचारीहरू,
- समुदायसँग सुमधुर सम्बन्ध,
- व्यवस्थित कक्षा कोठाको निर्माण (केहि कक्षा कोठाहरूमा AC तथा प्रविधिमैत्री कक्षाकोठा निर्माण)
- व्यवस्थित पुस्तकालय, कम्प्युटर ल्याब,
- क्याम्पस आफ्नै नीति नियमद्वारा निर्देशित,
- फिडर विद्यालयहरूसँग सहकार्य गरिएको,
- स्थानीय तहसँग विभिन्न कार्यक्रममा सहभागिता तथा स्थानीय तहबाट आर्थिक सहयोग,
- क्याम्पससभाद्वारा सञ्चालक समिति चयन तथा विभिन्न नीति निर्माण गर्ने व्यवस्था ।

❖ क्याम्पसका अवसरहरू (Opportunities)

- समुदायको माग अनुसारका कार्यक्रम तथा विषयहरू सञ्चालन गर्न सकिने,
- अत्याधुनिक सूचना तथा प्रविधिद्वारा अध्यापन गराउन सकिने,
- क्याम्पसलाई गुणस्तरीय शैक्षिक केन्द्रका रूपमा विकास गर्न सकिने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायसँग समन्वय गर्न सकिने,
- सरकारका तिनै तहसँगै सहकार्य गरी अगाडी बढ्न सकिने ,
- फिडर विद्यालयहरूको सङ्ख्यामा दिनानुदिन वृद्धि हुदै जानु ।

❖ क्याम्पसका अल्पकालीन चुनौतिहरू (Short Term Challenges)

- स्नातक तह प्रथम वर्ष भर्ना भई बिदेश पलायन हुने मोह,
- शैक्षिक संस्थाहरूबिच अस्वस्थ प्रतिस्पर्धा हुनु ,
- विद्यार्थीको नतिजा अपेक्षाकृत सुधार हुन नसक्नु,
- विद्यार्थीहरूको क्याम्पस छोड्ने दर (Dropout) तीव्र हुनु,
- प्राध्यापक, कर्मचारीहरूलाई अनुसन्धान कार्यमा अपेक्षित रूपमा सरिक गराउन नसकिनु ।

❖ क्याम्पसका दीर्घकालीन चुनौतीहरू (Long Term Challenges)

- क्याम्पसको आर्थिक स्रोतको प्रमुख क्षेत्र विद्यार्थीको शुल्क नै हुनु,
- शिक्षालाई आम्दानीको स्रोतको रूपमा मात्र लिइनु,
- सरकारको स्थिर शैक्षिक नीति नहुनु र त्रिभुवन विश्वविद्यालयले आफ्नो शैक्षिक क्यालेण्डरको पालना गर्न नसक्नु,
- सामुदायिक क्याम्पसका लागिसरकारको उचित सहयोगको अभाव,
- शिक्षामा हुँदै गएको अधिक निजीकरण,
- उच्च प्रविधियुक्त श्रमशक्तिको अभाव ,
- उत्तीर्ण विद्यार्थीहरूका लागिउपयुक्त रोजगारीका अवसरहरूको अभाव ,

❖ क्याम्पसका चुनौतीहरूको सामनाका लागिअपनाइने नीतिहरू (Plans for Addressing the Issues and Challenges)

क्याम्पससामु विद्यमान विभिन्न चुनौतीहरूको उचित किसिमबाट सामना गर्नका लागिनिम्नानुसारका कार्यहरू सम्पादन गरिने छ ।

- क्याम्पसका लागिनियमित आय–स्रोत वृद्धि गर्न विभिन्न दातृ निकायहरूसँग सम्पर्क र समन्वय गरिने,
- यस क्षेत्रमा रहेका शैक्षिक संस्थाहरूका बिचमा स्वस्थ प्रतिस्पर्धाको वातावरण कायम राख्न नियमित अन्तरक्रिया गर्ने,

- विद्यार्थी सङ्ख्या अत्यन्त कम भएका कारण कक्षा सञ्चालन गर्न नसकिने विषयहरूलाई स्थगन गर्ने र सो विषयका प्राध्यापकहरूलाई अर्को विषय अध्ययन गर्न चाहेमा अध्ययन विदामा पठाइने,
- विद्यार्थीहरूको नतिजामा सुधार ल्याउन कमजोर विद्यार्थीहरूको पहिचान गरी अतिरिक्त कक्षा, परीक्षा तयारी कक्षा लगायत परामर्शका कक्षालाई प्रभावकारी गराउने,
- विद्यार्थीहको नियमित रूपमा एकाइ परीक्षा र आन्तरिक परीक्षा सञ्चालन गर्ने,
- प्राध्यापक कर्मचारीहरूको कार्य क्षमता अभिवृद्धि गर्न पुनर्ताजगी तथा अनुसन्धान कार्यका लागिप्रोत्साहन गर्ने,
- विद्यार्थीहरूलाई पुस्तकालयमा गई पढ्न प्रोत्साहन गर्ने ।
- प्राध्यापकहरूको वृत्ति विकास गर्न अनुसन्धानमूलक कार्यका लागिप्रोत्साहित गर्ने ।

८. वार्षिक कार्ययोजना र बजेट

आय विवरण

आय		
विवरण	**०८०/०८१ को खुद आय**	**०८१/०८२ को अनुमानित आय**
आवेदन फाराम शुल्क	110,750.00	108,000.00
विद्यार्थी भर्ना शुल्क	6,510,480.00	7,731,000.00
शिक्षण शुल्क	17,000,770.00	25,284,060.00
परिचयपत्र शुल्क	138,995.00	129,600.00
त्रि.वि. दर्ता शुल्क	400,700.00	408,600.00
आन्तरिक तथा प्रवेश परीक्षा शुल्क	655,275.00	920,250.00
वार्षिक परीक्षा शुल्क	1,867,820.00	2,257,400.00
पुस्तकालय तथा विलम्ब शुल्क	471,750.00	574,650.00
त्रि.वि. सेवा शुल्क	497,500.00	824,400.00
अभ्यास शिक्षण/प्रयोगात्मक/ शोधपत्र शुल्क	1,279,330.00	1,679,760.00
खेलकुद शुल्क	13,500.00	14,850.00
विद्यार्थी परिवहन शुल्क	2,223,920.00	2,500,000.00
चारित्रिक प्रमाणपत्र शुल्क	243,000.00	250,000.00

अतिरिक्त क्रियाकलाप शुल्क	336,175.00	574,650.00
आन्तरिक परीक्षा अनुपस्थित शुल्क	37,600.00	50,000.00
निवेदन तथा सिफारिस शुल्क	126,750.00	100,000.00
टाई/टी–सर्ट बिक्री	157,600.00	100,000.00
स्थानान्तरण शुल्क	84,375.00	10,000.00
केन्द्र शुल्क		50,000.00
क्यान्टिन	80,333.00	96,000.00
धानवाली,घाँस,दाउरा तथा घडेरी नामसारी	261,640.00	50,000.00
आर्थिक सहायता चन्दा	111,900.00	200,000.00
विबिध शुल्क(मनोनयन तथा अन्य)	25,600.00	50,000.00
विज्ञापन आम्दानी	20,000.00	
नविल सि कार्यक्रम (नँया शिर्षक)	867,428.00	900000
व्याज प्राप्त	992,920.70	1,300,000.00
जग्गा भाडा	84,000.00	600,000.00
अनुदान		
नियमित अनुदान (यु.जि.सि.)	2,310,000.00	2,500,000.00
यू.जि.सि. उद्यमशिलता (नँया शिर्षक)	1,500,000.00	
यू.जि.सि. भवन निर्माण	4,750,000.00	5,250,000.00
बर्दघाट नगरपालिका	590,157.00	
शिक्षा विकास निर्देशनालय, प्रदेश ५	1,452,015.00	2,500,000.00
शिक्षा विकास निर्देशनालय, छात्रवृत्ति	285000	300000
लुम्विनी प्रदेश सांसद विकास कोष		
राष्ट्रपति चुरे	2708818	
बर्दघाट नगरपालिका वडा नं. २		200,000.00
खुद बचत	3113347.3	
जम्मा आय	**51,309,449.00**	**57,513,220.00**

व्यय		
विवरण	०८०/०८१ को खुद व्यय	०८१/०८२ को अनुमानित व्यय
तलव खर्च (क.स.कोष, अवकाश कोष तथा भत्ता समेत)	33,568,375.00	28,000,000.00
त्रि.वि. सेवा शुल्क	510,350.00	600,000.00
छपाई, प्रकाशन तथा मसलन्द खर्च	213,026.00	400,000.00
छात्रावृत्ति, निशुल्क वृत्ति तथा छुट	670,350.00	700,000.00
संचार, विद्युत तथा खानेपानी महशुल	336,224.00	400,000.00
वार्षिक परीक्षा खर्च	1,660,430.00	1,800,000.00
आन्तरिक तथा प्रवेश परीक्षा खर्च	30,770.00	100,000.00
जलपान तथा अतिथि सत्कार	238,510.00	400,000.00
उपदान तथा संचित विदाखर्च	497,781.00	860,000.00
टाई/टी–सर्ट खरिद	74,280.00	100,000.00
त्रि.वि. दर्ता शुल्क	236,700.00	265,000.00
मर्मत तथा सम्भार	746,556.00	1,200,000.00
लेखापरीक्षण खर्च	28,250.00	30,000.00
